मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal

Phone/Fax: 086420180
Email: ito.mallaranimun@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

प.सं.२०८२/०८३
च नः ६१

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खलंगा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८२/०४/११

विषयः स्वतः प्रकाशन सम्बन्धमा ।

श्री राष्ट्रिय सूचना आयोग,
काठमाण्डौ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन २०६४को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम यस कार्यालयले नियमित रुपमा प्रत्येक आ.ब. को तिन/तिन महिनामा स्वतः प्रकाशन गरी सम्बन्धीत निकाय तथा गाउँपालिकाको वेवसाईट र सूचना पाटीमा प्रकाशन गर्ने गरिएको व्यहोरा जानकारी गराउँदै आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिकमा यस गाउँपालिकाले सार्वजनिक गरेको स्वतः प्रकाशन प्रतिवेदन यसै पत्र साथ पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, सिंहदरबार काठमाण्डौ ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस तथा सूचना समन्वय शाखा, सिंहदरबार काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय, प्यूठान ।
श्री जिल्ला हुलाक कार्यालय, प्यूठान ।

२०८२/०४/११
..........................
(विजय पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ३ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्बजनिक गरिएको ।

मल्लरानी गा पा

# २०८१/०८२ चौथो त्रैमासिकमा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन)

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
**website: www.mallaranimun.gov.np**
**Email: info@mallaranimun.gov.np**
**Phone/Fax: 086420180**

१.	निकायको स्वरुप र प्रकृतिः

वि सं २०७३ साल फागुन २७ गते साविक खलंगा गा वि स को वडा नं १ देखि ७ र ९, धरमपानी गा वि स को सबै वडा, चुंजा गा वि स को सबै वडा खैरा गा वि स र प्यूठान न पा १ देख ३ र १८ नं वडा मिलि मल्लरानी गाउँपालिका बनेको छ । मल्लरानी प्राचिन मल्लकालिन ऐतिहासिक महत्वको क्षेत्र हो । यहाँबाट प्यूठान जिल्लाका अधिकांश क्षेत्र, छिमेकी जिल्ला र धौलागिरी हिमश्रृखलाको अवलोकन गर्न सकिन्छ ।

२.	निकायको काम कर्तव्य र अधिकारः

स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँसभा सञ्चालन ऐन २०७४, गाउँपालिका कार्यविभाजन नियमावली तथा कार्य सम्पादन नियमावली २०७४, गाउँपालिका पदाधिकारी आचार संहिता २०७४, गाउँपालिका आर्थिक ऐन २०७७, विनियोजन ऐन २०७७ ले तोके अनुसार र अन्य गाउँपालिकाले निर्माण गरेका ऐन नियम अनुसार ।

३.	कर्मचारी संख्या र कार्य विवरणः

स्वीकृत दरवन्दी ४२ रहेकोमा जम्मा २२ जना पदपूर्ति भएको ।

४.	गाउँपालिकाबाट प्रदान गरिने सेवाः

आधिकारीक-सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकीएको ।

५.	सेवा प्राप्त गर्न लाग्ने दस्तुर अवधिः

दस्तुर र अवधि नागरीक वडापत्रमा उल्लेख गरिएको साथै नागरीक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेबसाईटमा राखिएको ।

६.	निर्णय गर्ने प्रक्रिया र अधिकारिकः

- वार्षिक योजना तथा कार्यक्रम गाउँपालिकाले स्वीकृत गर्ने गरेको ।
- अन्य निर्णयहरु गाउँ कार्यपालिकाले गर्ने गरेको ।
- अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारीसमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

१०. गाउँपालिका शाखा र जिम्मेवार एवं सम्बन्धित शाखा प्रमुखः

| क्र.सं. | शाखा | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | प्रशासन तथा व्यवस्थापन | प्रमुख प्रशासकीय अधिकृत | श्री विजय पौडेल |
| २. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | श्री कमान सिंह के.सी |
| ३. | प्रशासन शाखा/योजना तथा अनुगमन शाखा | प्रशासकीय अधिकृत | श्री बन्दना शाक्य |
| ४. | पशु सेवा शाखा | पशु चिकित्सक | श्री बाबुराम न्यौपाने |
| ५. | स्वास्थ्य शाखा | सि.अ.हे.ब अधिकृत | श्री पारश शाही |
| ६. | सूचना प्रविधि/सूचना शाखा | सूचना प्रविधि अधिकृत | श्री सुरेश पोखेल |
| ७. | प्राविधिक शाखा | ईन्जिनियर | श्री हेमराज बस्नेत |
| ८. | रोजगार सेवा केन्द्र | रोजगार संयोजक | श्री शरद भण्डारी |
| ९. | न्यायिक समिति | पशु चिकित्सक | श्री वसुदेव श्रेष्ठ |
| १०. | जिन्सि शाखा | सहायक प्रशासकीय अधिकृत | श्री मनोज कुमार जि.सी. |
| ११. | कृषि शाखा | ना प्रा स पाँचौ | श्री मोती आचार्य |
| १२. | महिला, बालबालिका शाखा | सहायक महिला विकास अधिकृत | श्री रेवती न्यौपाने |
| १३. | शिक्षा शाखा | सहायक शिक्षा अधिकृत | श्री ठाकुर प्रसाद आचार्य |
| १४. | राजश्व शाखा | सहायक कम्प्यूटर अधिकृत | श्री प्रकाश ओली |
| १५. | पंजीकरण शाखा | एम आई एस अपरेटर | श्री लक्ष्मी पोखेल |
| १६. | उद्यम विकास शाखा | उद्यम विकास सहजकर्ता | श्री फुलमाया वि.क. |

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**११. प्रतिनिधी तथा कर्मचारीको जिम्मेवार पदः**

अध्यक्षः कृष्ण बहादुर खड्का, ९८५७८३८००१

उपाध्यक्षः रमेश कुमार श्रेष्ठ, ९८५७८३१८९२

प्रवक्ताः लेख बहादुर थापा (प्रतिनिधी) ९८४३१५२९५९

कार्यालय प्रमुखः विजय पौडेल, प्रमुख प्रशासकीय अधिकृत, ९८५७८३८००३

कार्यालय प्रवक्ताः कमान सिंह के.सी., लेखा अधिकृत (कर्मचारी), ९८५७८३८००४

सूचना अधिकारीः सुरेश पोखेल, सूचना प्रविधि अधिकृत, ९८५७८६८०२९

**१२. ऐन नियम वा निर्देशिकाको संख्याः**

हाल सम्म प्रकाशित भएकाः ८३ वटा

यस वर्ष पारित भएकाः २

**१३. त्रैमासिकमा बसेको कार्यपालिका बैठक संख्याः ८ वटा**

**१४. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि विवरणः**

**खर्च विवरणः**

| क्र.सं. | नाम | जम्मा | जम्मा | खर्च (%) |
|---|---|---|---|---|
| १ | मल्लरानी गाउँपालिका - प्रशासनिक | ७,५०,००,०००.०० | ५,८६,५०,२७९.८२ | ७८.२ |
| २ | मल्लरानी गाउँपालिका - अध्यक्ष विषेश -- | ४६,००,०००.०० | ४२,४५,६३०.०० | ९२.३ |
| ३ | मल्लरानी गाउँपालिका - कृषि | १२,५५,०००.०० | १२,३१,३८८.०० | ९८.१२ |
| ४ | मल्लरानी गाउँपालिका - पशु | १२,००,०००.०० | ११,९५,२२७.०० | ९९.६ |
| ५ | मल्लरानी गाउँपालिका - शिक्षा | २,०७,५५,७००.०० | १,९४,२९,१७०.०० | ९३.६१ |
| ६ | मल्लरानी गाउँपालिका - स्वास्थ्य | ९५,२७,०००.०० | ७९,४६,७७१.०० | ८३.४१ |
| ७ | मल्लरानी गाउँपालिका - लक्षित वर्ग | २४,४५,०००.०० | २०,१६,३७५.०० | ८२.४७ |
| ८ | मल्लरानी गाउँपालिका - न्यायिक समिती | १४,००,०००.०० | ९,४४,३१०.०० | ६७.४५ |
| ९ | मल्लरानी गाउँपालिका - पूर्वाधार | ५,७०,५१,१५२.०० | ३,२१,२७,६२१.०० | ५६.३१ |
| १० | मल्लरानी गाउँपालिका - सार्वजिनक सेवा प्रवाह | ३१,५०,०००.०० | १७,७९,०६७.०० | ५६.४८ |
| ११ | मल्लरानी गाउँपालिका - विपद् वन तथा मर्मत | १५,००,०००.०० | १५,००,०००.०० | १०० |
| १२ | प्रदेश समपुरक अनुदान | ७०,००,०००.०० | ४२,१५,५९४.०० | ६०.२२ |
| १३ | मल्लरानी गाउँपालिका - पर्यटन | ६,५०,०००.०० | ६,१०,०११.०० | ९३.८५ |
| १४ | मल्लरानी गाउँपालिका - सहकारी | २,५०,०००.०० | १,५५,१२५.०० | ६२.०५ |
| १५ | मल्लरानी गाउँपालिका - लघु उद्यम विकास कार्यक्रम | ३,००,०००.०० | १,७०,८३१.०० | ५६.९४ |
| १६ | मल्लरानी गाउँपालिका - खानेपानी तथा सरसफाई | १५,००,०००.०० | ११,५६,०२५.०० | ७७.०६ |
| १७ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | ३,००,०००.०० | १,९१,२८०.०० | ६३.७६ |

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १८ | मल्लरानी गाउँपालिका- राजस्व शाखा | २,५०,०००.०० | ९४,३५५.०० | ३७.७४ |
| १९ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) | ८०,००,०००.०० | ७८,२२,६३२.०० | ९७.७८ |
| २० | मल्लरानी गाउँपालिकावडा नं.१ | २५,००,०००.०० | २१,६६,४९०.०० | ८६.६६ |
| २१ | मल्लरानी गाउँपालिकावडा नं.२ | २५,००,०००.०० | २४,५९,५६३.०० | ९८.३८ |
| २२ | मल्लरानी गाउँपालिकावडा नं.३ | २५,००,०००.०० | २४,४४,१५१.०० | ९७.७७ |
| २३ | मल्लरानी गाउँपालिकावडा नं.४ | २५,००,०००.०० | २४,०२,३०२.०० | ९६.०९ |
| २४ | मल्लरानी गाउँपालिकावडा नं.५ | ३५,००,०००.०० | ३२,७१,९१६.०० | ९३.४८ |
| २५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १७,१०,५४,०००.०० | १५,८३,६६,०५४.४० | ९२.५८ |
| २६ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | २,८५,००,०००.०० | १,१४,८८,०७०.०० | ४०.३१ |
| २७ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ९४,६२,०००.०० | ७४,९१,०९२.०० | ७९.१७ |
| | जम्मा | ४१,८६,४९,८५२.०० | ३३,५५,७१,३३०.२२ | ८०.१५ |

आय विवरणः

| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | ८,३१,००,०००.०० | ७,६२,५२,५६०.०० |
| २ | नेपाल सरकार : १३३१२ - शसर्त अनुदान चालु | १६,२०,५४,०००.०० | १६,२०,५४,०००.०० |
| ३ | नेपाल सरकार : १३३१३ - शसर्त अनुदान पुंजीगत | ९०,००,०००.०० | ९०,००,०००.०० |
| ४ | नेपाल सरकार : १३३१७ - समपुरक अनुदान पुँजीगत | २,८५,००,०००.०० | १,१५,४४,२११.०० |
| ५ | लुम्बिनी प्रदेश : १३३११ - समानिकरण अनुदान | ५२,७१,०००.०० | ५२,७१,०००.०० |
| ६ | लुम्बिनी प्रदेश : १३३१२ - शसर्त अनुदान चालु | ४,६२,०००.०० | ३,४५,७३०.०० |
| ७ | लुम्बिनी प्रदेश : १३३१३ - शसर्त अनुदान पुंजीगत | ७०,००,०००.०० | ६६,४५,९८६.०० |
| ८ | लुम्विनी प्रदेश : १३३१५ - विषेश अनुदान पुंजीगत | २०,००,०००.०० | १३,२०,०००.०० |
| ९ | लुम्बिनी प्रदेश : १३३१७ - समपुरक अनुदान पुंजीगत | ७०,००,०००.०० | ४६,२०,०००.०० |
| १० | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | २४,९८,०००.०० | ३९,५३,५००.६६ |
| ११ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | ७,८०,००,०००.०० | ६,९८,७०,५२१.१५ |
| १२ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | ३,३७,६४,८५२.०० | ५७५३०८८.२३ |
| | जम्मा | ४१,८६,४९,८५२.०० | ३५,६६,४४,८०४.५१ |

विजय
प्रमुख प्रशासकीय अधिकृत

१५. महत्वपूर्ण उपलब्धीहरुः

आर्थिक विकास तर्फः

१. आलु पकेट विकास कार्यक्रम अन्तर्गत ९४ घरधुरीले ९८ मे.टन आलु उत्पादन गरेकोमा ८३.५ मे.टन विउको भण्डारणको लागि शिल भण्डारमा भण्डारण गरिएको छ भने बाँकी १४.५ मे.टन विक्रि भएको छ।

२. नयाँ अदुवा बेसार पकेट विकास कार्यक्रम अन्तर्गत ६५ घरधुरीलाई ३५ क्विन्टल अदुवाको बीउ लगायत मल्चिङ रोल, त्रिपाल, क्यारेट र मिनिटिलर लगायका सामाग्रीहरु वितरण गरिएको छ।

३. व्यवसायिक कृषकहरुलाई कृषि बाली उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत ५८ जना कृषकहरु मध्ये मापदण्ड पुगेका ४९ जनालाई उत्पादनमा आधारित अनुदान रकम वितरण गरिएको छ साथै कार्यक्रमबाट आलुको विउ ८३५० के.जी. घ्यू ५५ के जी लसुन प्याज ७८० के जी सिमिको विउ १३० के जी फलफूल २८६३ के जी तरकारी १७७११ के जी बेसार धुलो १४० के जी अण्डा १६६६ क्यारट च्याउ ७८१ के जी उत्पादन गरि संकलन केन्द्र मार्फत विक्र वितरण भएको छ।

४. पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत भानुभक्त मा.वि. का ६८ विद्यार्थीहरुलाई च्याउ तथा प्याज खेती कार्यक्रममा सहभागि गराईएको छ।

५. किशान सूचिकरण कार्यक्रम र कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गर्ने कार्य सञ्चालन भईरको छ।

६. आकस्मिक वालि संरक्षण कार्यक्रम अन्तर्गत कृषकहरुलाई सेवा दिईएको छ।

७. व्यावसायिक कृषकलाई नयाँ प्रविधि तथा खेती सम्बन्धी सिप विकास तालिम प्रदान गरिएको छ।

८. पशुपन्छी उपचार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ११७९ घरधुरीका १२,९३३ पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको छ।

९. पशु स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत वडा नं. २ चुँजा र वडा नं. ५ जोरपोखरीमा २७५ घरधुरीका ४,४२० पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको छ।

१०. भ्याक्सिनेटर मार्फत सम्पूर्ण वडाका १४,९४३ बाख्रा तथा भेडामा पी.पी.आर. खोप सेवा प्रदान गरिएको छ।

११. स्वच्छ दूध उत्पादनका लागि सामाग्री वितरण कार्यक्रम अन्तर्गत ३ वटा सहकारी संस्थाहरुलाई ल्याक्टोमिटर र दुधको क्यान वितरण गरिएको छ।

१२. कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गा गाई ४१, भैंसी १४१ लाई कृत्रिम गर्भाधान सेवा दिईएको छ।

१३. बाखाको स्रोत केन्द्र कार्यक्रम अन्तर्गत १०० प्रतिशत बोयर जातका ७ वटा बाखा र १ वटा बोका वडा नं ५ स्थित सरङ्कोट कृषि तथा पशुपन्छी फर्मलाई वितरण गरिएको छ।

१४. महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पशु स्वास्थ्य प्राविधिकको सिफारिसमा औषधि खरिद गरि आवश्यकता अनुसार वितरण गरिएको छ।

१५. रोजगार सेवा केन्द्र मार्फत ६९ श्रमिकलाई १०० दिनको रोजगारीमा संलग्न गराई २० वटा आयोजनाबाट ३२.६ कि.मी. घोरेटो बाटो मर्मत र मोटरबाटो स्तरोन्नति गरिएको छ।

१६. ५१ जनाको वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रक्रियामा सहजीकरण गरिएको छ।

१७. मल्लरानी पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण सम्पन्न भएको छ र बुकिडाँडामा पूर्वाधार निर्माण कार्यलाई विस्तार गरिएको छ।

१८. खलंगा-स्वामिडाँडा-मल्लरानी पर्यटकीय पदमार्ग यस वर्ष ७३ मि. निर्माण सम्पन्न भएको छ।

सामाजिक विकास तर्फः

१९. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ जसमा मा ८ विद्यालयका १७५ विद्यार्थीहरु प्रत्यक्ष सहभागी भएका थिए।

२०. कक्षा ८ को परीक्षामा ३०७ विद्यार्थी सहभागी भएकोमा ७१% विद्यार्थी कक्षा ९ मा पढ्न योग्य भएका छन्।

२१. सामुदायिक विद्यालयका कक्षा ८ र १० मा अध्ययनरत ५८८ जना विद्यार्थीहरुका लागि अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ।

२२. प्युठान क्याम्पसमा प्रथम वर्षमा अध्ययनरत विपन्न विद्यार्थीहरुका लागि गाउँपालिकाका पाँच वटै वडाबाट ४/४ जनाका दरले २० विद्यार्थीलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरिएको छ।

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२३. सामुदायिक विद्यालयका ३ जना अस्थायी शिक्षकलाई प्रसूती प्रोत्साहन अनुदान प्रदान गरिएको छ।
२४. उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।
२५. सामुदायिक विद्यालयका २३ जना शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम प्रदान गरिएको छ।
२६. सामुदायिक र संस्थागत विद्यालयका २४ जना IT स्रोत शिक्षकहरुका सूचना प्रविधि सम्बन्धी क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिएको छ।
२७. सामुदायिक विद्यालयका ९८७ छात्रालाई निःशुल्क सेनिटरी प्याड वितरण गरीएको छ।
२८. सामाजिक परिक्षण प्रतिवेदन तथा कार्य सम्पादन मूल्याङ्कनमा आधारमा उत्कृष्ट विद्यालयहरुलाई अनुदान रकम वितरण गरिएको छ।
२९. एच.आई.भी. संक्रमित ५ जनालाई मासिक रु १००० का दरले पोषण भत्ता प्रदान गरिएको छ।
३०. १५३ गाउँघर क्लिनिक र १५३ खोप क्लिनिक सञ्चालनबाट क्रमशः ३३६६ र १७८० जना लाभान्वित भएका छन्।
३१. पुर्ण संस्थागत सुत्केरी सेवा कार्यक्रम अन्तर्गत ९० संस्थागत सुत्केरीलाई पिम्याट र ब्लाङ्केट वितरण गरिएको छ ।
३२. बिरामीका आधारमा स्वास्थ्य संस्थालाई अनुदान प्रदान कार्यक्रमलाई निरन्तरता दिईएको छ।
३३. पाठेघर सम्बन्धी बिरामी व्यवस्थापन कार्यक्रम अन्तर्गत २१३ जनाको पाठेघर परीक्षण गरिएको मध्ये ८ जना छनौट भएको जसमध्ये १ जनाको सफल शल्यक्रिया सम्पन्न भएको छ।
३४. ३५ जना स्वयंसेविकालाई Medic Mobile र ११ स्वास्थ्यकर्मीलाई e-LMIS तालिम प्रदान गरिएको छ।
३५. पालिका भित्रका ११ विद्यालयमा ९६० जना किशोरीको रक्तअल्पता परीक्षण तथा रक्त समूह जाँच गरिएको छ।
३६. धरमपानी स्वास्थ्य चौकीलाई १ थान माइक्रोस्कोप र खैरा स्वास्थ्य चौकीलाई १ थान भिडियो एक्सरे मेसिन प्रदान गरिएको छ।
३७. नसर्ने रोग स्क्रिनिङ्ग कार्यक्रम अन्तर्गत २६३० जना को स्वास्थ्य परिक्षण गरिएको छ।
३८. गर्भवती, सुत्केरी तथा अति विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।
३९. १६४ सुत्केरीको घरभेट मार्फत उत्तरप्रसूति सेवा प्रदान गरिएको छ।
४०. ३६,६२७ जना बिरामीलाई (महिला २१,४६७, पुरुष १५,१६०) निःशुल्क औषधि वितरण गरिएको छ।
४१. ४० जना अपाङ्गता भएका व्यक्ति र संरक्षकलाई क्षमता विकास तालिम, बाखा पालन तालिम र सहायता सामग्री वितरण गरिएको छ।
४२. २९ जना लाई अपाङ्गतता परिचयपत्र वितरण गरिएको छ।
४३. अल्पकालीन सेवा केन्द्र मार्फत ८ जना पीडित महिलालाई हिंसा पीडित महिला तथा किशोरीहरूलाई सुरक्षित आवास, खाना, परामर्श, कानूनी सहायता लगायत आवश्यक सहयोग प्रदान गरिएको छ।
४४. मल्लरानी गाउँपालिका भित्रका १५१ जना ज्येष्ठ नागरिकहरूलाई निःशुल्क आँखा उपचार सेवा प्रदान गरिएको छ साथै ९६ जनालाई चस्मा वितरण र २५ जनाको आँखाको शल्यक्रिया (अप्रेशन) गराइएको छ।
४५. लैङ्गिक हिंसा न्यूनीकरणका लागि मल्लरानी गाउँपालिका अन्तर्गतका ५२१ जनालाई लागि लैङ्गिक हिंसाविरुद्धको जनचेतना अभिवृद्धि कार्यक्रम प्रदान गरिएको छ।
४६. वडा नं १, २ र ३ का महिलाहरुलाई बाजा बजाउने तालिम प्रदान गरि बाद्यबादनका सामाग्रीहरु वितरण गरिएको छ।
४७. जनजाति समुदायका २० जनालाई अचार बनाउने सीप विकास तालिम प्रदान गरिएको छ।
४८. गाउँपालिका अन्तर्गतका ५ वटा माध्यमिक विद्यालयहरूका १७५ जना किशोरीहरुका लागि आत्मरक्षा तालिम प्रदान गरिएको छ।
४९. स्थायी रूपमा साना व्यवसाय सञ्चालन गरिरहेका १० जना दलित व्यवसायीहरूलाई सिलाइकटाइ मेसिन र कैंची प्रदान गरिएको छ।
५०. वडा नं. १, ३ र ५ मा जेष्ठ नागरिक सञ्जाल पुनर्गठन गरी पालिका स्तरका १६० जना जेष्ठ नागरिकहरुका बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
५१. वडा नं. १ मा महिला सञ्जाल पुनर्गठन भई १०७ जना महिला सदस्यहरुका लागि नेतृत्व विकास तथा संस्थागत सुदृढीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ।

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

५२. गाउँपालिका भित्रका बालबालिकाको अवस्थाबारे तथ्यांक संकलन, वर्गीकरण तथा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।

५३. वडा नं. ३ र ४ मा बाल सञ्जाल पुनर्गठन भई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ साथै, बालविवाह र बालहिंसा न्यूनीकरण सम्बन्धी जनचेतनामूलक चलचित्र प्रदर्शन गरिएको छ।

५४. दोमाई खोला लिफ्ट खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको छ जसबाट १८० घरधुरी लाभान्वित हुनेछन्।

५५. गिरिचौर लिफ्ट खानेपानीका लागि आवश्यक सामग्री खरिद गरिएको र उक्त आयोजनाको निर्माण कार्य यसै आ.ब. मा सम्पन्न गरिनेछ।

५६. गाउँपालिका भित्रका सबै लिफ्ट आयोजनाहरूको ५०% विद्युत महसुल पालिकाबाट भुक्तानी गरिएको छ।

५७. वडा नं १ को भुल्के खजुरे लिफ्ट खा.पा र वडा नं ५ को सरङ्गकोट दरभाने लिफ्ट खानेपानी आयोजनाको लागि आवश्यक सामग्रीहरुको खरिद प्रकृया अगाडी बढेको छ।

५८. झिमरुक मल्लरानी लिफ्ट खानेपानी आयोजना सम्पन्न भई खानेपानी आपूर्तीलाई सहज बनाईएको छ।

५९. N-WASH Application मार्फत खानेपानी आयोजना, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्थाको विवरण N-WASH प्रणालीमा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।

पूर्वाधार विकास तर्फः

६०. मल्लरानी गाउँपालिका वडा नं ४ को खलंगा बजार भित्रका सम्पूर्ण सडकहरुलाई पक्की गराउने कार्य सम्पन्न भएको छ।

६१. गाउँपालिका भित्रका सडकहरु मध्ये आर.सी.सी. २४९ मि. र पी.सी.सी. १३८ मि. गरी कुल ३८७ मि. पक्की सडक निर्माण गरिएको छ।

६२. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुको स्तरोन्नति गर्ने कार्य अन्तर्गत खाल्डाखुल्डी सुधार, ग्राभेल, ग्याभियनवाल, ब्याक कटिङ गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

६३. पालिका भित्रका मुख्य सडकहरु मध्ये २.९७५ कि.मि. पक्की नाली र ५०० मि. कच्ची नाली निर्माण कार्य सम्पन्न भएको छ।

६४. यस आ.ब. मा गाउँपालिका भित्रका वडा नं १ को चँदुले हरिथुङ्गा देउराली मो.बा., वडा नं १ कै देउराली थाम सोलहाल्ना र वडा नं ५ को रामपानी वडा कार्यालय मो.बा गरी जम्मा ४.४ कि.मि नयाँ ट्र्याक निर्माण गरिएको छ।

६५. वडा नं १ को थाम बस्तीमा सडक पहुँच पुर्याईएको छ भने वडा नं ५ को रामपानी वडा कार्यालय मो.बा. स्तरोन्नती गरी वस्ती र वडा कार्यालय बिच सहज रुपमा सडकको पहुँच पुगेको छ।

६६. वडा नं २ को मुढखोला र कुडारखोला र वडा नं ३ को बुढदेवी खोलामा कल्भर्ट निर्माण सम्पन्न गरिएको छ।

६७. पालिका भित्रका All Weather Road को रुपमा पहिचान गरिएको प्रत्येक वडाका १/१ वटा गरी जम्मा ५ वटा सडक स्तरोन्नति गर्ने कार्यलाई नियमित गरिएको छ।

६८. १५ शैयाको आधारभूत अस्पताल भवन ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

६९. वडा नं. १ स्थित जनजागृति प्रा.वि. अर्भाडको ४ कोठे विद्यालय भवन निर्माण सम्पन्न भएको छ।

७०. गाउँपालिकाको यातायात गुरुयोजनाको निर्माण कार्य सम्पन्न गरि कार्यान्वयनमा ल्याईएको छ।

७१. संघीय समपुरक तर्फ देउराली थाम सोलहाल्ना मो.बा. को ट्राक खोल्ने कार्य र शिर्षेगैरा मुन्डाँडा चुँजाठाटी मो.बा. स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ।

७२. प्रदेश समपुरक तर्फ थापाडाँडा प्यूठान क्याम्पस बसपार्क सडक, धरमपानी रैजनपानी चौरपानी सडक र चुँजाठाटी कुडार बान्ना सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ।

७३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा वडा नं १ को टोड्के चँदुले हरिथुङ्गा देउराली मो.बा., जनता मा.वि लुक्काको सेयरवाल, वडा नं २ को मुडखोला कलभर्ट निर्माण र चुँजाठाटी कुडार बान्ना मरभुङ्ग सडक, वडा नं ३ को बुढदेवी कलभर्ट निर्माण र गिरिचौर लिफ्ट खानेपानी आयोजना, वडा नं ४ को खलंगा बजार क्षेत्र भित्रका सडक स्तरोन्नती र वडा नं ५ को रामपानी वडा कार्यालय सडक, झाक्रिस्थान सिम कात्रेखोला सडक निर्माण कार्य सम्पन्न भएको छ।

विनय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वन तथा वातावरण तथा विपद् व्यवस्थापन तर्फः

७४. फोहरमैला व्यबस्थापन स्थलमा फोहर संकलन गरि व्यवस्थापन गर्ने कार्यलाई नियमित गरिएको छ ।

७५. मल्लरानी गाउँपालिका भित्रका वर्षादका कारण अबरुद्ध हुने सडकहरुलाई मर्मत संभार कोष मार्फत सुचारु गरिएको छ।

७६. सडक मर्मत संभारकर्ता मार्फत सडक मर्मत गर्ने कार्य नियमित गरिएको छ।

७७. विपद् व्यवस्थापनका लागि सुरक्षा निकाय संग समन्वय गरी सबै वडाबाट १/१ जना लाई स्वयंसेवक उद्धारकर्मी विपद् प्रतिकार्य तालिम प्रदान गरिएको।

७८. जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

संस्थागत, सुशासन तथा क्षमता विकास विकास तर्फ

७९. गाउँपालिकामा भए गरेका क्रियाकलापहरूमा पारदर्शिता कायम गर्नका लागि सार्वजनिक सुनुवाई र प्रगति समिक्षा कार्यक्रम गरी प्रगति समिक्षा, बार्षिक वजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरिएको छ ।

८०. गाउँपालिकालाई विधि सम्मत ढंगले अघि बढाउन स्थानीय कानूनहरूको महत्वपूर्ण भूमिका रहेको छ सोका लागि गाउँपालिकाले कार्यक्रम संचालनमा सहजता ल्याउन यस वर्ष ४ वटा कार्यविधी संशोधन, ४ वटा नयाँ कार्यविधी निर्माण, २ वटा ऐन निर्माण र १ वटा ऐन संशोधन गरी हालसम्म जम्मा ८३ वटा स्थानीय कानून निर्माण गरी कार्यान्वियनमा ल्याईएको छ।

८१. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो सेवा प्रदान गर्न र सुशासन कायम गर्नका लागि गाउँपालिका, वडा कार्यालय र सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी कार्यान्वयनमा ल्याइएको छ। इन्टरनेट सुविधा, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारीको व्यवस्था गरिएको छ।

८२. कार्यालयको गतिविधिहरु नियमित रुपमा गाउँपालिकाको वेबसाईट, फेसबुक पेज लगायत सूचना पाटी मार्फत सार्वजनिक गरिएकोछ ।

८३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट बुझिलिने राजस्वलाई विद्युतीय प्रणालीको प्रयोग मार्फत संकलन गरी सेवा प्रवाहलाई चुस्त एवम् पारदर्शी बनाईएको छ।

८४. प्रत्येक ३/३ महिनामा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम कार्यालयबाट सम्पादन भएका गतिविधिहरु त्रैमासिक रुपमा स्वत प्रकाशन गरिएकोछ ।

८५. भुक्तानी प्रणालीलाई EFT (विद्युतीय भुक्तानी प्रणाली) मार्फत मात्र भुक्तानी गरी आर्थिक प्रशासन लाई चुस्त दुरुष्त, पारदर्शी, व्यवस्थित र प्रविधि मैत्री बनाईएको छ ।

८६. सामाजिक सुरक्षा भत्ता बस्तीस्तरमा गई वितरण गरिदै आएको छ र सामाजिक सुरक्षाभत्ता EFT मार्फत वितरण गरी लाभग्राहीलाई थप सहज बनाइएको छ।

८७. पालिक भित्रका जग्गा वर्गिकरण कार्य यसै वर्ष सम्पन्न भएको छ साथै आवधिक योजनाको निर्माण कार्यलाई अगाडी बढाईएको छ।

८८. राष्ट्रिय परिचयपत्रको लागि QR फाराम भर्ने कार्य गाउँपालिका तथा वडा कार्यालयहरुबाट गरिदै आईएको छ।

८९. यस आर्थिक वर्षमा भूमिकर र व्यवसाय करतर्फ २७० नयाँ करदाताहरु करको दायरामा आएका छन्।

९०. २११९ जना करदाताहरुलाई समयमै कर दाखिला गरे बापत कर छुट गरिएको छ।

९१. वडा नं ३ को चौरपानी क्षेत्र र वडा नं ५ को जोरपोखरी क्षेत्रबाट वडा कार्यालय मार्फत दिईने सेवा सुविधालाई हप्ताको १ पटक सञ्चालन गरि सेवा विस्तार गरिएको छ।

९२. न्यायिक समितिले न्यायिक समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराइ स्थानीय तहमै न्याय निरुपण गरिएको छ।

९३. न्यायिक समितिमा प्राप्त भएका ८ वटा विवादहरु मध्ये ६ वटा विवादलाई मेलमिलापको माध्यमबाट समाधान गरिएको छ।

९४. क्षेत्राधिकार भन्दा बाहिरका विवादहरुका सम्बन्धमा कानून व्यवसायी तथा अन्य सरोकारवाला निकायसंग आवश्यक परामर्श गरिएको छ।

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

९५. न्यायिक समितिको जिल्ला स्तरीय सिकाई आदान प्रदान २ पटक सम्पन्न भएको छ भने एक पटक प्यूठान जिल्लाको जिल्ला स्तरीय न्यायिक सम्मेलन सम्पन्न भएको छ।

९६. मल्लरानी गाउँपालिका सबै वडामा गरी जम्मा ६ पटक सरोकारवालासँग वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

९७. मेलमिलापकर्ता हरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

९८. जिल्ला अदालत, सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रतिनिधीहरु बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

९९. मल्लरानी गाउँपालिकाका सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ।

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गा पा